# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ३ ] काठमाडौं माघ २६ गते २०१० साल [ संख्या २५

## भाग १

संख्या ४। प स क. क ०६/५४ मिति १०।१०।१६।२

## नेपाल पब्लिक सर्भिस कमिशनको सूचना

नेपाल पब्लिक सर्भिस कमिशनबाट सूचना भएका पदहरूमा दरखास्त दिने उम्मेदवारहरूले तल लेखिएका सूचनाबमोजिमको फाराममा अथवा सोहीबमोजिमको सादा कागजमा कोरिए लेखिएको फाराममा यथार्थ कुरा भरी दरखास्त दिनुपर्ने हुनाले यो नमूना प्रकाश गरिएको छ । यस नमूना फाराममा बाहेक अरूमा लेखी पेश गरेको दरखास्तमा ध्यान दिइनेछैन । यसको नमूना प्रति जिल्ला जिल्लाका गढी, गौंडा, गोस्वारा र सबै हुलाकमा पनि पाइन्छ ।

आज्ञाले—

सेक्रेटरी—खड्गमान मल्ल एम्. ए.

पब्लिक सर्भिस कमिशन.

सिंहदरबार काठमाडौं नेपाल.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

962

प. स. क. नं. १ (२०१०)

# नेपाल पब्लिक सर्भिस कमिशन

सिंहदरबार काठमाडौं, नेपाल

## दरखास्त—पत्र

यो फाराम भर्दा विशेष याद राख्नुपर्ने कुरा :—

(क) यो दरखास्त-पत्र दरखास्तवालाको हस्ताक्षरले देवनागरी लिपी र नेपाली भाषामा भरी विज्ञापनमा निर्धारित दिन-अगावै नेपाल पब्लिक सर्भिस कमिशनका सेक्रेटरीकहाँ पुग्ने गरी पठाउनुपर्छ ।

(ख) दरखास्त पुगे नपुगेको खबर चाहिएमा फिर्तीरसीद पाउने रजिष्टरी गरी पठाउनुपर्छ । पहुँचको अर्को जनाउ पठाइनेछैन ।

(ग) कुनै बेहोरावार झुट्टा र दरखास्तवालालाई त्यस्तो ज्ञानसमेत भएको ठहरेमा दरखास्तवालाले जागीर पाइसकेका भए तापनि ऐन सवालबमोजिम हुनेछ ।

(घ) नियुक्तिमा असर पर्नसक्ने कुनै कुरा जानीजानी दबाएको ठहरेमा पनि (ग) बमोजिम हुनेछ ।

(ङ) उस्तै परिआएको अवस्थामा बाहेक निर्धारित दिनभन्दा पछि दाखिल भएको दरखास्त अस्वीकार गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र

१०३

(च) सरकारी जागीरमा बहाल रहेका जागीरदारले आफ्नो दरखास्त आफ्ना हाकिममार्फत र हाकिमले चाहिं आफ्नो दरखास्त तैनाथवालामार्फत पठाउनुपर्छ । सोमुताबिक नपठाएको दरखास्त अस्वीकार गरिनेछ ।

(छ) दरखास्तसाथ पेश गर्नुपर्ने आफूले पाएका प्रमाणपत्रहरू सबैको रीतपूर्वकको नक्कल मात्र दरखास्तसाथ पेश गर्नुपर्छ र पेश गरिएका कागतहरूमा सिलसिलेवार नम्बर दिनुपर्छ । तिनका सक्कल प्रति अन्तर्वार्ताका समयमा देखाउनुपर्छ ।

(ज) कमिशनमा आएका प्रमाणपत्रहरू फिर्ता हुन सक्तैनन्, न त हराएमा कमिशन जवाबदेही हुनेछ ।

(झ) नियुक्तिका निमित्त कहीं कुनै प्रकारको भनसुन गर्नु गराउनु अयोग्यता ठहरिनेछ ।

---

पद . . . मन्त्रालय . . . . .

१. उम्मेदवारको नाम

२. जात

३. बाबुको नाम

पेशा

ठेगाना

४. जन्मेको मिति

(उमेर खुलेको एस्. एल्. सी. (म्याट्रिक,) इत्यादि पास गरेको अथवा जनसंख्याका सर्टिफिकेट, सो नभए चिन्हा इत्यादि विश्वसनीय प्रमाणको नक्कल पेश गर्नुपर्छ । पेश गरिएका कागजको सिलसिला नम्बर यहाँ लेख्नुपर्छ ।)



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

५. जन्मेको स्थान ( जिल्ला, इलाका, प्रगन्नासमेत )

६. नागरिकता ( नेपालको नागरिक ; भएमा 'नेपाल नागरिकता ऐन'का कुन दफाले नेपाली नागरिक हुनुहुन्छ ? )

७. स्थायी ठेगाना ( जिल्ला, इलाका, प्रगन्नासमेत )

८. हाल बसेको ठेगाना ।

( जिल्ला, इलाका, प्रगन्ना, हुलाकसमेत । ठेगाना सरेमा नेपाल पब्लिक सर्भिस कमिशनका सेक्रेटरीलाई सूचना गरिहाल्नुपर्छ । उम्मेदवारले लेखिएका ठेगानामा नेपाल पब्लिक सर्भिस कमिशनबाट लेखापढी हुने हुनाले ठेगाना सरेमा पत्र आफूकहाँ पुग्ने प्रबन्ध पनि उम्मेदवारले मिलाइराख्नुपर्छ ।

९. शिक्षासम्बन्धी योग्यता :—

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

१६०८

( नेपाली मध्यम, एस्. एल्. सी. संस्कृत मध्यमा अथवा ती सरहका हिन्दी परीक्षा तथा सोभन्दा उच्च शिक्षा प्रास भएको भए समयको क्रम मिलाएर विवरण दिनुपर्छ । )

| उत्तीर्ण भएका परीक्षा | विश्वविद्यालय वा विद्यालय | पास भएको साल | परीक्षाफल (श्रेणी सहित) | जाँच दिएको विषय | प्रमाण ( पेशगरिएका कागजातको सिलसिला नम्बर यहाँ दिनुपर्छ । ) |
|---|---|---|---|---|---|
| | | | | | |

१९. विशेष योग्यता



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

११. आफ्नो चरित्रसम्बन्धी प्रशंसापत्र
( पेश गरेका प्रशंसा-पत्रका नक्कलका सिलसिलेवार नम्वर यहाँ लेख्नुपर्छ । )

१२. (क) मातृभाष

(ख) लेखपढ गर्न जानेका अरू भाषा

१३. आफूले गरिआएको कामको विस्तृत बयान

| पद्को नाम स्थायी वा अस्थायी | भर्ना भएको मि | छाडेका मिति | आफ्नो अफिस अथवा काममा लाउनेको नाम र पूरा ठेगाना ( प्रशंसापत्र पाएको भए त्यसको नक्कल दरखास्तसाथ पेश गर्नुपर्छ । पेश गरेका कागजातको सिलसिलेवार नम्बर यहाँ लेख्नुपर्छ ।) |
|---|---|---|---|
| | | | |



धिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

१४. बानी परेको सोख तथा अन्तिम परीक्षामा उत्तीर्ण भएपछि गरेका कामको विवरण ।

१५. खेलकूदमा रुचि
( प्रमाणपत्र पाइएको भए नक्कल पेश गर्नुपर्छ । पेश गरिएका कागजातको सिलसिलेवार नम्बर यहाँ लेख्नुपर्छ । )

१६. आफ्नो परिचय राम्ररी पाएका, नातादारबाहेक परिचित प्रतिष्ठित व्यक्तिहरूका नाम पेशा र ठेगानाः
१
२

१७. दरखास्तको दस्तुर बुझाएको इलाका मालको नाउँ र रसीद्का नम्बर मिति ।
(इलाका मालमा दरखास्तको दस्तुर बुझाएको सक्कल रसीद् दरखास्तसाथ पेश गर्नुपर्छ । )

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मा
मुद्रण विभाग

९८०८

१८. यसमा लेखिएको जवाफ सबै मैले जाने बुझेसम्म ठीक दुरुस्त छ, मेरो नियुक्तिका सम्बन्धमा असर पर्नसक्ने अरू कुनै कुरा मैले जानी जानी लुकाए छिपाएको छैन भनी सहि गर्ने

मिति पूरा सहि

१९. बहालवाला जागीरदारको हकमा मात्र 'यो फाराम भर्दा विशेष याद राख्नुपर्ने कुरा' को दफा ( च ) बमोजिम

हाकिकबाट मिलेको प्रशंसा–पत्र

दरखास्तवाला यस अड्डा विभागमा को स्थायी । अस्थायी पदमा बहाल छन् जाने बुझेसम्म निजको चालचलन असल छ औ विज्ञापन गरिएका पदको निमित्त छानिई सरुवा भएमा एतराज छैन भनी सहि गर्ने

सहि

दर्जा

मिति अड्डा विभाग

---

गोरखापत्र छापाखानामा मुद्रित

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि
9605